**गाउँपालिकाका अध्यक्ष श्री भक्त बहादुर लामा ज्यूले आ.व.२०८२/०८३ को गरिमामय गाउँ सभाको १७औं अधिवेशन समक्ष प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम**

आजको यस गरिमामय गाउँ सभामा उपस्थित गाउँपालिकाका,
उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु,
गाउँपालिकाका कर्मचारी साथीहरू लगायत सम्पूर्ण उपस्थित महानुभवहरू,
यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने विभिन्न राजनीतिक दलका नेता तथा प्रतिनिधि ज्युहरु, शिक्षक तथा बुद्रिजिवी हरु, सञ्चारकर्मीहरु, सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

गाउँपालिकालाई कृषि, पर्यटन र पुर्वाधार मार्फत समृद्ध गङ्गाजमुनाको मुल आधार तयार गर्न यस नीति तथा कार्यक्रमले भौतिक पुर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन जस्ता क्षेत्रहरुलाई प्रमुख प्राथमिकताहरुको रुपमा राखेको छ।

निर्वाचन पश्चात हामिले गरेका प्रतिवद्धता अनुरुप केहि नविन कार्यहरुको सुरुवात भएको छ ।
जसमा,
बाँह्रै महिना पालिकाको केन्द्र र वडा स्तर सम्मै सडक र यातायातको सुविधा विस्तार भएको छ । जसका लगि पालिका भित्रका ताप्राङ्खोला, वगुवा खोला, फाप्रेखोला, छिम्लुउ र किन्ताङ फेदी सल्दुम लागाएत विभिन्न ६ स्थानहरुमा पक्कि पुल को स्रोत व्यवस्थापन तथा निर्माण कार्यहरु सुरुवात भएको छ।
यसै आर्थिक बर्ष देखि नयाँ प्रशासकीय भवन मार्फत सेवा प्रवाह भएको छ, साथै सबै वडा भवनहरु व्यवस्थित गर्न जिल्ला समन्वय समिति संगको सहकार्यमा निर्माण तथा स्तरोन्नतीको काम सुरुवात भएको छ । जसले, सेवा प्रावहलाई व्यवस्थित, भरपर्दो र सहज वनाउने छ ।

पालिका भित्रका विभिन्न योजनाहरुले तिब्रता पाएको छ, जसमा गङ्गाजमुना पर्यटन पुर्वधार, पालिका लोकमार्ग, ट्रेकिङ् ट्रेल, आधुनिक आरन, पाँच शौयाको अस्पताल, बर्धन स्वास्थ्य भवन, री स्वास्थ्यचौकी लगाएत विभिन्न सामुदायिक भवन हरुले भौतिक पुर्वाधारमा फड्को मारेको छ । कराङ् जस्तो पालिकाकै दुर्गम भुगोलमा समेत सामुदायिक स्वास्थ्य इकाई स्थापना गरि सेवा प्रवाह सुरु भएको छ, जसको भवन निर्माण कार्य समेत समपन्न भै सकेको छ ।

कृषि पकेट अन्तर्गत वडा नं. १,२ र ३ मा कफि र टिम्मुर, वडा नं.४ मा मौरी, वडा नं.५ तराकारी र फलफुल, वडा नं.६ मा धान र वडा नं ७ मा तरकारी मा आत्मतिर्भर हुँदै निर्यात गर्न सक्षम भएको छ।
यिनै नविन कार्यहरुको प्रयासका बाबजुत केहि विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौतीहरु हामी सामु रहेको छ ।

**यस नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

१. नेपालको संविधान,
२. प्रचलित कानूनी व्यवस्था,
३. संघीय, प्रदेशका नीतिहरु,
४. आबधिक योजनाका लक्ष्यहरु र एवम् अनुभव तथा सिकाइ आदि रहेका छन् ।

सभा सदस्य ज्यूहरु,
अब म आर्थिक वर्ष २०८२/०८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**सामाजिक विकास तर्फ**

**शिक्षा,युवा तथा खेलकुद**

१. आधारभुत तहको अनिवार्य तथा निशुल्क र माध्यमिक तहो निशुल्क शिक्षा पूर्णरुपमा कार्यान्वियन गरिनेछ।

२. शिक्षक कर्मचारीको तलब भत्ता मासिक रुपमा अनलाइन माध्यमबाट निकासा हुने व्यवस्था गरिने छ।

३. प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८१ पुर्ण रुपमा कार्यान्वयन गरिनेछ। शिक्षकको वरिष्ठताका आधारमा सम्पुर्ण विद्यालयमा प्रशासनिक नेतृत्वको चयन गरिनेछ। विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान/ व्यवस्थापन गरिनेछ।

४. आगामि आर्थिक वर्षदेखि सबै विद्यालयहरुमा स्मार्ट तथा डिजिटल बोर्डहरुको प्रयोग गरी अडियो भिडियो माध्यमबाट शिक्षण सिकाई क्रियाकलापमा जोड दिई सिकाइ उपलब्धिमा बृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

**स्वास्थ्य तर्फ**

१. यस गङ्गाजमुना गाउँपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा गुणस्तरीय र भरपर्दो बनाउन क्रमिक रुपमा आवश्यक औजार तथा उपकरणको व्यवस्था गरी सेवा सुधार गर्दै लगिने छ ।खोप क्लिनिक र गाउँघर क्लिनिकहरुलाई व्यवस्थित बनाइ नि:शुल्क सूचीका औषधीहरु सहज रुपमा वितरण गर्ने नीति रहनेछ ।

२. हाल नेपालमा बढ्दै गएको नसर्ने रोगहरु तथा मानसिक रोगहरुको प्रभाव न्यूनीकरणका लागि फागुन महिना नसर्ने रोग बिरुद्धको सचेतना महिना स्वस्थ आहार-बिहार, पोषण, व्यायम लगायत स्वस्थ जीवनशैली अवलम्बन गर्न **मेरो स्वास्थ्य: म स्वस्थ** मेरो गाउँ स्वस्थ अभियान संचालन गरिनेछ ।

३. बालबालिकाहरुको पोषण अवस्था निरन्तर अनुगमन गर्नको लागि **"स्वस्थ बालबालिका, समृद्द भविष्य"** कार्यक्रम लागू गरिने छ । साथै विद्यालयमा संचालनमा रहेको दिवा खाजालाई पोषणमैत्री बनाई अस्वस्थकर खाना निषेध अभियान संचालन गर्दै लगिने छ ।

४. पूर्ण खोप सुनिश्चितता र दीगोपनाको कार्यलाई निरन्तरता दिइ सबै बालबालिकाहरुलाई तोकिएका खोपहरु गुणस्तरीय र प्रभावकारी रुपमा खोप सेवा प्रदान गर्नको लागि खोप केन्द्रहरुलाइ छाना मुनि ल्याउन जोड दिइनेछ।

५. गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका एम्बुलेन्स सेवालाइ थप प्रभावकारी बनाउदै भाडादर समायोजन गरी बिरामीहरु लाइ सहुलियत प्रदान गरिने छ । एम्बुलेन्स नभएका वडाहरुमा एम्बुलेन्स खरिद गर्ने नीति लिइनेछ ।

६. **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** भन्ने नारालाई पूर्ण बनाउन सामाजिक सचेतना तथा समुदाय परिचालन गरिनेछ । योग अभ्यास तथा सकारात्मक जीवनशैलीको विकास गराउन साथै आर्गनिक खानपानमा जोड दिईनेछ।

७.आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम अन्तरगत नेपाल सरकारको प्रत्येक स्थानीय तहमा आयुर्वेद स्वास्थ्य केन्द्र स्थापना गर्ने नीति अनुरुप आयुर्वेद स्वास्थ सेवा प्रदान गर्नको लागि आगामी बर्ष पालिका स्तरीय नागरिक आरोग्य केन्द्र स्थापना गरी संचालनमा ल्याइने छ ।

**खानेपानी तथा सरसफाई तर्फ**

१. पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा अभियानलाई नतिजामुखि बनाउन सफा तथा स्वच्छ क्षेत्र गङ्गाजमुना गाउँपालिका घोषणाको लक्ष्य वि.स. २०८३ चैत्र भित्र गर्ने गरि बाँकी रहेको सातै वडाका टोलहरु नमुना सफा तथा स्वच्छ टोल घोषणा गर्ने गरी नीति तथा बजेट व्यवस्थापन गरिनेछ ।
२. खानेपानीको मुलहरूको पहिचान र गुणस्तर परिक्षण गरी संरक्षण र सुरक्षाका उपायहरु अपनाउन तर्फ काम गरिनेछ जसले सुरक्षित खानेपानी पिउन पाउने जनताको मौलिक अधिकारलाई सुनिश्चित गरिनेछ। र जसका लागि गाउँपालिकामा नै खानेपानी को गुणस्तर परीक्षणको व्यवस्था मिलाइनेछ।
३. संचालन भइरहेका खानेपानीका आयोजनाहरुलाई सकेसम्म दर्ता र नवीकरण गर्ने साथै नयाँ निर्माण हुने आयोजनाहरुलाई अनिवार्य रुपमा मुहान दर्ता गर्ने एवं एक घर एक धारा निर्माण आयोजनाहरुमा अनिवार्य मिटर जडानको व्यवस्था साथै मर्मत सम्भार कोषको सुनिश्चित गरिनेछ।
४. जलवायु परिवर्तनले गर्दा खानेपानीहरुको मुहान सुक्दै गएको समस्यालाई न्युनीकरण गर्न जलावायु अनुकुलित खानेपानी योजनाहरु छनौट गरि कार्यान्वयनमा लाने नीति लिईनेछ।
६. यस गाउँपालिका भित्र पाल्नुहुने अतिथिहरुलाई बजारबाट अयात गरिएको बाहा उत्पादित पेय पदार्थहरुलाई निरुत्साहित गर्दै घरेलु पेय पदार्थहरु (जस्तै: दहि, मोहि, लस्सी आदी) प्रयोग भोज भतेर र अन्य कार्यक्रमहरुमा समेत प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

**आर्थिक विकास**

**कृषि विकास तर्फ**

१. कृषि समूहहरुलाई तरकारिको मौसमी र बेमौसमी उत्पादनमा सहजिकरण गर्दै आत्म निर्भर र व्यवसायिक बनाउदै लगिनेछ ।
२. गाउँपालिका भित्र उत्पादित तरकारीको बजारीकरणमा सहयोगको लागी तरकारी सङ्कलन केन्द्रको स्थापना गरिनेछ। कृषि एम्बुलेन्स सञ्चालनका लागि आवश्यक अध्ययन गरिनेछ।
३. आकस्मिक रुपमा बालि नालीमा देखा पर्ने र महामारीको रुपमा फैलिने रोग र किराको रोकथामको आवश्यक प्रबन्ध मिलाइनेछ ।
४. कृषि उत्पादनलाई प्रविधिमैत्री बनाई कृषकहरुको लागि आधुनिक कृषि यन्त्र उपलब्ध गर्ने कार्यलाई जोड दिइनेछ ।
५. रैथाने बाली उत्पादन प्रवर्द्धन गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड संग समन्वय गरी खरिद बिक्री केन्द्र स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

**पशु विकास तर्फ:-**

४. आगामि आर्थिक वर्षदेखि सबै विद्यालयहरुमा स्मार्ट तथा डिजिटल बोर्डहरुको प्रयोग गरी अडियो भिडियो माध्यमबाट शिक्षण सिकाई क्रियाकलापमा जोड दिई सिकाइ उपलब्धिमा वृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

**स्वास्थ्य तर्फ**

१. यस गङ्गाजमुना गाउँपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा गुणस्तरीय र भरपर्दो बनाउन क्रमिक रुपमा आवश्यक औजार तथा उपकरणको व्यवस्था गरी सेवा सुधार गर्दै लगिने छ । खोप क्लिनिक र गाउँघर क्लिनिकहरुलाई व्यवस्थित बनाइ निःशुल्क सूचीका औषधीहरु सहज रुपमा वितरण गर्ने नीति रहनेछ ।

२. हाल नेपालमा बढ्दै गएको नसर्ने रोगहरु तथा मानसिक रोगहरुको प्रभाव न्यूनीकरणका लागि फागुन महिना नसर्ने रोग विरुद्धको सचेतना महिना स्वस्थ आहार-बिहार, पोषण, व्यायम लगायत स्वस्थ जीवनशैली अवलम्बन गर्न **मेरो स्वास्थ्यः म स्वस्थ मेरो गाउँ स्वस्थ** अभियान संचालन गरिनेछ ।

३. बालबालिकाहरुको पोषण अवस्था निरन्तर अनुगमन गर्नको लागि **"स्वस्थ बालबालिका, समृद्ध भविष्य"** कार्यक्रम लागू गरिने छ । साथै विद्यालयमा संचालनमा रहेको दिवा खाजालाई पोषणमैत्री बनाई अस्वस्थकर खाना निषेध अभियान संचालन गर्दै लगिने छ ।

४. पूर्ण खोप सुनिश्चितता र दीगोपनाको कार्यलाई निरन्तरता दिइ सबै बालबालिकाहरुलाई तोकिएका खोपहरु गुणस्तरीय र प्रभावकारी रुपमा खोप सेवा प्रदान गर्नको लागि खोप केन्द्रहरुलाइ छाना मुनि ल्याउन जोड दिइनेछ।

५. गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका एम्बुलेन्स सेवालाइ थप प्रभावकारी बनाउदै भाडादर समायोजन गरी बिरामीहरु लाइ सहुलियत प्रदान गरिने छ । एम्बुलेन्स नभएका वडाहरुमा एम्बुलेन्स खरिद गर्ने नीति लिइनेछ ।

६. **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** भन्ने नारालाई पूर्ण बनाउन सामाजिक सचेतना तथा समुदाय परिचालन गरिनेछ । योग अभ्यास तथा सकारात्मक जीवनशैलीको विकास गराउन साथै आर्गनिक खानपानमा जोड दिईनेछ।

७.आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम अन्तरगत नेपाल सरकारको प्रत्येक स्थानीय तहमा आयुर्वेद स्वास्थ्य केन्द्र स्थापना गर्ने नीति अनुरुप आयुर्वेद स्वास्थ सेवा प्रदान गर्नको लागि आगामी वर्ष पालिका स्तरीय नागरिक आरोग्य केन्द्र स्थापना गरी संचालनमा ल्याइने छ ।

**खानेपानी तथा सरसफाई तर्फ**

१. पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा अभियानलाई नतिजामुखि बनाउन सफा तथा स्वच्छ क्षेत्र गङ्गाजमुना गाउँपालिका घोषणाको लक्ष्य वि.स. २०८३ चैत्र भित्र गर्ने गरि बाँकी रहेको सातै वडाका टोलहरु नमुना सफा तथा स्वच्छ टोल घोषणा गर्ने गरी नीति तथा बजेट व्यवस्थापन गरिनेछ ।

२. खानेपानीको मुलहरूको पहिचान र गुणस्तर परिक्षण गरी संरक्षण र सुरक्षाका उपायहरु अपनाउन तर्फ काम गरिनेछ जसले सुरक्षित खानेपानी पिउन पाउने जनताको मौलिक अधिकारलाई सुनिश्चित गरिनेछ। र जसका लागि गाउँपालिकामा नै खानेपानी को गुणस्तर परीक्षणको व्यवस्था मिलाइनेछ।

३. संचालन भइरहेका खानेपानीका आयोजनाहरुलाई सकेसम्म दर्ता र नवीकरण गर्ने साथै नयाँ निर्माण हुने आयोजनाहरुलाई अनिवार्य रुपमा मुहान दर्ता गर्ने एवं एक घर एक धारा निर्माण आयोजनाहरुमा अनिवार्य मिटर जडानको व्यवस्था साथै मर्मत सम्भार कोषको सुनिश्चित गरिनेछ।

४. जलवायु परिवर्तनले गर्दा खानेपानीहरुको मुहान सुक्दै गएको समस्यालाई न्युनीकरण गर्न जलवायु अनुकुलित खानेपानी योजनाहरु छनौट गरि कार्यान्वयनमा लाने नीति लिईनेछ।

६. यस गाउँपालिका भित्र पाल्नुहुने अतिथिहरुलाई बजारबाट अयात गरिएको बाहा उत्पादित पेय पदार्थहरुलाई निरुत्साहित गर्दै घरेलु पेय पदार्थहरु (जस्तैः दहि, मोहि, लस्सी आदी) प्रयोग भोज भतेर र अन्य कार्यक्रमहरुमा समेत प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

**आर्थिक विकास**

**कृषि विकास तर्फ**

१. कृषि समूहहरुलाई तरकारिको मौसमी र बेमौसमी उत्पादनमा सहजिकरण गर्दै आत्म निर्भर र व्यवसायिक बनाउदै लगिनेछ ।
२. गाउँपालिका भित्र उत्पादित तरकारीको बजारीकरणमा सहयोगको लागी तरकारी सङ्कलन केन्द्रको स्थापना गरिनेछ। कृषि एम्बुलेन्स सञ्चालनका लागि आवश्यक अध्ययन गरिनेछ।
३. आकस्मिक रुपमा बालि नालीमा देखा पर्ने र महामारीको रुपमा फैलिने रोग र किराको रोकथामको आवश्यक प्रबन्ध मिलाइनेछ ।
४. कृषि उत्पादनलाई प्रविधिमैत्री बनाई कृषकहरुको लागि आधुनिक कृषि यन्त्र उपलब्ध गर्ने कार्यलाई जोड दिइनेछ ।
५. रैथाने बाली उत्पादन प्रवर्द्धन गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड संग समन्वय गरी खरिद बिक्री केन्द्र स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

**पशु विकास तर्फः-**

१. औषधि व्यवस्था विभागले तयार पारेको पशुपन्छीमा प्रयोग हुने अत्यावश्यक औषधिमा कृषकको पहुँच बढाउनको लागि औषधि खरिद गरि निशुल्क वितरणको प्रबन्ध मिलाइनेछ ।
२. भौगोलिक विकटताको कारणले पशु सेवा बाट बन्चित रहेका कृषकहरुलाई पशु सेवा प्रदान गर्न पालिकाको सबै वडामा शिविर कार्यक्रम संचालन गरिनेछ ।
३. पशुपन्छीमा लगाईने विभिन्न खोपको गुणस्तर कायम राख्न यस पालिकाको सबै वडामा फ्रिजको व्यवस्था गरिनेछ।

उद्योग व्यवसाय तर्फः-

१. गङ्गाजमुना गाउँपालिकामा रहेका बजारहरु व्यवस्थित रुपमा संचालन गर्न गाउँपालिका र वडा कार्यालयको समन्वय र सहकार्यमा अनुगमन प्रणालीलाई व्यवस्थित बनाइने छ।
२. यस गाउँपालिकाभित्र सञ्चालित व्यवसायहरुलाई करको दायराभित्र ल्याउन गाउँपालिकाबाट कर शिक्षा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

सहकारी तर्फः-

१. सहकारी संस्थाहरुको नियमन तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाइने छ।
२. निष्कृय रहेका सहकारी संस्थालाइ सक्रियता वा खारेजी प्रकियामा लगिने छ
३. कोपोमिस प्रणालीलाई अनिवार्य रुपमा सम्पूर्ण सहकारी संस्थाहरुमा कार्यान्वयनमा ल्याइनेछ। साथै अन्य प्रयोगमा आएका प्रणालीहरुलाई कोपोमिससँग आवद्ध गरिनेछ

रोजगार तर्फ

१. बैंदेशिक रोजगारिबाट फर्किएका व्यक्तिहरुलाई उनीहरुको सीप र क्षमताको आधारमा स्थानीय स्तरमै प्रयोग हुने खालका योजनाहरु बनाएर समन्वय गरिनेछ ।

३. **"सीप सिकौं, स्वरोजगार बनौं"** भन्ने आदर्श वाक्यलाई मुर्त रुप दिन विभिन्न तालिम र बैंदेशिक रोजगार मार्फत आर्जन गरेका सीपलाई मान्यता प्रदान गर्न सीप परिक्षणको संस्थागत प्रबन्ध मिलाईनेछ । विप्रेषण (Remittance) लाई उत्पादनसँग जोड्न प्रोत्साहन गरिनेछ र आ. व.२०८२/०८३ **"मिसन रोजगारी"** को अभियान सरुवात गरिने छ ।

४. बैंदेशिक रोजगारिमा जाने व्यक्तिको लागि श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको सहजिकरण कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ।

५. दक्ष तथा सक्षम जनशक्तिको बिकास गरि आन्तरिक रोजगारीको प्रवर्दन गर्न आवश्यक सिपमुलक तालिम को पहिचान गरि बेरोजगार व्यक्तिलाई स्वरोजगार बनाउन उत्प्रेरित गरिनेछ ।

६. महिलालाई श्रम बजारमा प्रवेश गराउन, आवश्यक सीप तथा क्षमताको विकास गर्न, परामर्श तथा मार्गदर्शन उपलब्ध गराउन महिला लक्षित रोजगारमुलक कार्यक्रम ल्याईनेछ ।

भौतिक पूर्वाधार विकास

१. भौतिक पूर्वाधार निर्माण सम्बन्धिकार्य गर्दा प्राकृतिक सुन्दरता कायम राख्दै पर्यावरण मैत्री दिगो विकासमा जोड दिइनेछ ।
२. गाउँपालिकाभित्र निर्माण हुने आर.सि.सि. पक्की भवनहरुको अनिवार्य रुपमा नक्सा पास गरेर मात्र भवन निर्माण सुरु गर्ने र यस भन्दा पहिले बनिसकेको भवनलाई अभिलेखिकरण गर्ने व्यवस्था गरिनेछ ।
३. "नियमित मर्मत संभार : दिगो सडकको आधार" को मर्म अनुसार पालिका स्तरका सडकको नियमित मर्मत संभार कार्यलाई योजनाबद्ध रुपमा अगाडी बढाइने छ ।
४. गुणस्तरिय आयोजनाहरु निर्माणको लागि पालिका स्तरीय गुणस्तर परीक्षणको लागि भौतिक प्रयोगशाला स्थापना गरिनेछ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक

१. लैङ्गिक विभेदको अन्त्य गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धि नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामाग्री वितरणको लागि पहल गरिनेछ ।

३. ४० वर्ष पुगेका अविवाहित एकल महिलाहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण कार्यको यस आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ ।

**युवा तथा खेलकुद विकास**

१. खेलकुद प्रवर्धनको लागि वडा स्तरीय र पालिकास्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

२. पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा आवश्यक प्रशिक्षण सहित सबै विधामा विद्यार्थीहरुलाइ सहभागी गराउने प्रबन्ध गरीने छ।

**पर्यटन बिकास**

१. गङ्गाजमुना गाउँपालिका भित्र पहिचान भएको धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको विकास तथा प्रवर्धन गर्नको लागि टान सँग भएको साझेदारीलाई निरन्तरता दिई नेपाल पर्यटन बोर्ड, टान, मिटोफ नेपाल र निजि क्षेत्रसँग साझेदारी गरिनेछ ।

२. यस गाउँपालिका भित्र रहेको हिमाल अवलोकन गर्ने स्थल पर्यटकीय पूर्वाधार निर्माण गरी जङ्गल हाईकिङ, ट्रेकिङ, पिक्निक स्पोर्ट क्षेत्रमा विकसित गरिनेछ ।

३. पर्यटन क्षेत्रका बिज्ञ तथा सरोकार वालासँग समन्वयमा गाउँ गाउँमा होमस्टेको व्यवस्था र प्रवर्द्धन गरी आयमुलक व्यवसायको रुपमा विकास गरिनेछ ।

**बन,वातावरण तथा बिपद् व्यवस्थपान समिति**

१. समुदाय र निजी क्षेत्रसँगको सहकार्यमा दिगो वन व्यवस्थापनका माध्यमबाट वन, जैविक विविधता, जलधार तथा सिमसार क्षेत्रको संरक्षण गर्दै वन पैदावरको उत्पादन तथा उपयोग मार्फत वातावरण संरक्षण, रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा जोड दिइनेछ।

२. वातावरण प्रतिकुल नहुने गरी खानीजन्य नदीजन्य ढुङ्गा, गिटि, बालुवा सकंलन र वितरण गर्नका लागि आवश्यक प्रवन्ध मिलाईने छ ।

३. विपदबाट हुने जोखिम र क्षतिलाई पुर्वआँकलन गरी विपद् व्यवस्थापनका लागि चाहिने आवश्यक राहतका सामग्रीहरुको समयअघि नै भण्डारण गरी राखिनेछ ।

४. गाउँपालिकामा विपद् पूर्व तयारी ,जोखिम आँकलन ,जोखिम पुर्वचेतावनी, विपद् प्रतिकार्यको तयारी तथा विपद् न्युनीकरण र पुनर्लाभका क्रियाकलापका समन्वयात्मक ढङ्गबाट संचालन गरिने छ ।

**संस्थागत बिकास तथा क्षमता विकास समिति**

१. गाउँपालिकाको कार्यालयहरुबाट प्रवाह हुने सेवा, विकास निर्माण जस्ता गतिबिधिहरुलाइ पारदर्शी बनाइ सुशासन प्रवर्द्धन गर्ने कार्यक्रमहरु कार्यान्वयनलाई थप व्यवस्थित बनाइने छ ।

२. गाउँपालिकाको कार्यालय अन्तर्गत विभिन्न बिषयसँग सम्वन्धित प्राविधिक तथा प्रशासनिक कर्मचारीका करार सेवाका सबै तहका कर्मचारीहरुको निवृत्त हुँदा वा करार सेवाबाट हट्दा रित्तो हात फर्कनु पर्ने अवस्था भएकाले त्यस्ता कर्मचारीहरुलाई आवश्यक कार्यविधि बनाइ केही आर्थिक राहत पुर्याउने उद्देश्यले गाउँपालिका एक कर्मचारी कल्याण कोष को व्यवस्था गरिने छ।करार कर्माचारीलाई सामाजिक सुरक्षाकोषमा आवद्ध गर्नका लागि दिगो स्रोत व्यवस्थापनका लागि थप अध्ययन गरिनेछ।

३. बिकास निर्माण कार्यलाई व्यवस्थित पारदर्शी र गुणस्तरीय बनाउन अनुगमन निरीक्षण सुपरीवेक्षणलाई सुधार गर्न आधुनिक प्रणालीलाई प्रयोगमा ल्याई थप व्यवस्थित गरिनेछ।

४. न्यायिक समितिको अधिकारक्षेत्र बाहिरका बिवादका सम्बन्धमा न्यायिक सहजिकरण गरी आर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई निःशुल्क कानूनी उपचारका लागि जिल्ला बार सँग समन्वय गरिनेछ।

गाउँसभाका सदस्य ज्यूहरू,

मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रमबाट गाउँपालिकाबासीका आधारभूत आवश्यकताहरू परिपूर्ति भई जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, गाउँपालिकामा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट गाउँपालिका बासी आर्थिक उन्नतिमा टेवा पुग्ने र बञ्चितिकरण र वहिस्करणमा परेका वर्ग, क्षेत्र तथा समुदायहरूको बिकासमा मूल प्रवाहीकरण भई समावेशीताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्रको सवलीकरण भई लोकतन्त्रका लाभहरुको समन्यायिक वितरण हुने विश्वास लिएको छु ।

अन्त्यमा,

माथि उल्लेखित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिका, वडाहरू र सम्पूर्ण गङ्गाजमुना बासी दाजुभाई दिदी बहिनीहरूको योगदान र सहयोग हुने विश्वास लिएको छु।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्गनिर्देशन गर्नुहुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विषयगत समितिका संयोजकज्यूहरू, वडा अध्यक्षज्यूहरू, सभाका सदस्यहरू, राष्ट्र सेवक कर्मचारीहरू, नागरिक समाज, बुद्धिजीवी, सञ्चार जगत तथा सम्पूर्ण गाउँपालिकाबासीहरूलाई धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

धन्यवाद ।

सम्वत् २०८२ साल असार ९ गते सोमबार ।

प्रस्तुतकर्ता
भक्त बहादुर लामा
अध्यक्ष
गङ्गाजमुना गाउँपालिका

आयोजनालाई विशेष प्राथमिकता दिने एवम् संरचना निर्माण गर्दा पर्यटन मैत्री वातावरण संरक्षणसम्बन्धी कानूनअनुसार वायोइञ्जिनियरिङ्ग प्रविधिको अनुसरण गरिनेछ ।

**<u>ङ) योजनावद्ध पूर्वाधार विकासः</u>** गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना, पालिका गौरवका आयोजना, यातायात गुरु योजना तथा बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी मापदण्ड, खानेपानी, पर्यटकीय पूर्वाधार विकाससम्बन्धी तयार गरिएको विस्तृत परियोजना प्रतिवेदनको आधारमा वजेट व्यवस्थापन गरी दीगोविकास गरिनेछ ।

**<u>च) प्रभावकारी सेवा प्रवाहः</u>** गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था लगायत गाउँपालिका क्षेत्रभित्र कार्यरत निजी तथा सरकारी एवम् गैर सरकारी संघसंस्थाबाट प्रदान गरिने सेवा प्रवाहलाई सरलीकृत गरी थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

**<u>छ) साझेदारी र सहकार्यः</u>** गाउँपालिकामा कार्यरत गैर सरकारी संघसंस्थाहरुसँग आवश्यकताको पहिचान गरी पूर्वाधार विकास, नागरिक सचेतना, स्वास्थ्य सेवा प्रवाह, खानेपानी, सरसफाई तथा नागरिक सशक्तीकरण जस्ता कार्यहरु आवश्यकताअनुसार साझेदारी र सहकार्यमा सञ्चालन गरिनेछ ।

**<u>ज) समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्धनः</u>** गाउँपालिकाबाट सम्पादन गर्नेसेवा प्रवाह तथा कार्यहरुलाई पारदर्शी बनाउदै, नागरिकका मौलिक हक र अधिकारकारुपमा रहेका आवश्यकता परिपूर्ति मार्फत राज्यको लोककल्याणकारी भूमिका बढाइनेछ ।

**<u>झ) सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापनः</u>** विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण, तथ्य तथा ज्ञानमा आधारित एवम् नतीजामूलक बनाईनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्न देहायका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

- गाउँपालिकाको गौरवका आयोजना र रणनीतिक सडक पूर्वाधार विकासका योजना,
- गाउँपालिकाको केन्द्रसम्म आउने सडक लगायत मुख्य सडकहरुलाई कालोपत्रे सडकको रुपमा थालनी गरिने,
- मुख्य सडकहरुलाई तोकिएको मापदण्ड पुरा गरी सडक विस्तार गरिने,
- बिद्यालय शिक्षा पूर्ण निःशुल्क गरी गुणस्तरीय तथा प्रविधिमैत्री शैक्षिक सिकाई उपलब्धि बृद्धिमा जोड दिने
- नव निर्मित ग्रामीण अस्पतालको भवनबाट गुणस्तरीय सेवा प्रवाह सुरु गरिने,
- पर्यटन पूर्वाधार क्षेत्रको विकास अन्तर्गत ग्रिन ट्रेकिङ ट्रायल निर्माणमा निरन्तरता, होमस्टे प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता
- मिटर सहितको एक घर एक धाराको नीति अनुरुप सुरक्षित खानेपानी पूर्वाधार विकास र पूर्ण सरसफाइ कार्यक्रम
- कृषि उत्पादनमा जोड तथा कृषि उत्पादनमा अनुदान प्रोत्साहन कार्यक्रम साथै एक वडा एक कृषि पकेट क्षेत्र विकास,
- यस गङ्गाजमुना गाउँपालिकामा कार्यान्वयन हुने सङ्घीय तथा प्रादेशिक योजनाहरुको अनुगमन तथा निरीक्षण प्रणालीलाई व्यवस्थित गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरी अनुगमन तथा निरीक्षणमा जोड दिइनेछ।
- आधुनिक एवम् प्रविधिमैत्री सेवा प्रवाह,
- लक्षित वर्ग कार्यक्रम (शहिद परिवार, दलित, महिला...) आदि
- सुशासन प्रर्वद्धन,
- विपद् जोखिम व्यवस्थापन

आदरणीय सभाका सभाध्यक्ष एवम् सभाका सदस्यज्यूहरु,
अब म आगामी आ.ब. २०८२/०८३ को अनुमानित आय व्यय पेश गर्न चाहान्छु ।

<u>आय तर्फः</u>

❖ आर्थिक वर्ष २०८२/०८३ का लागि वित्तीय परिचालन र खर्च अनुमान गर्दा वित्तीय सन्तुलन कायम गर्ने उद्देश्य लिई सोही अनुरुप योजना तथा कार्यक्रमहरु तर्जुमा गरी रकम विनियोजन गरेको छु । आगामी आर्थिक वर्षका लागि कूल ६२ करोड ११ लाख ६६ हजार ३५७ रुपैया आय प्रस्ताव गरेको छु । यस अन्तर्गत गाउँपालिकाको आन्तरिक आयबाट १ करोड रुपैया र मौज्दात संचित कोषमा रु ३ करोड ५० लाख हाल अनुमान गरेको छु। संघीय सरकारबाट राजश्व बाँडफाडँ वापत

८ करोड ७९ लाख ७० हजार ५ सय ६१ रुपैया, सङ्घीय वित्तीय समानीकरण वापत ११ करोड ८४ लाख रुपैया, संघीय सशर्त अनुदानवापत २२ करोड ६७ लाख र संघीय समपुरक अनुदान वापत २ करोड २५ लाख, सङ्घीय विशेष अनुदान वापत १ करोड ६५ लाख प्राप्त भएको छ भने प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापत ३ करोड १४ लाख २३ हजार ७ सय ९६ रुपैया, प्रदेश वित्तीय समानीकरण वापत १ करोड २३ लाख ८९ हजार, प्रदेश सशर्त अनुदान वापत १ करोड ९५ लाख ८३ हजार, प्रदेश समपूरक अनुदान वापत ३ करोड ४२ लाख र प्रदेश विशेष अनुदान वापत ६५ लाख बजेट प्राप्त भएको छ । समग्रमा संघीय सरकारबाट जम्मा ४७ करोड २० लाख ७० हजार ५ सय ६१ रुपैया र प्रदेश सरकारबाट १० करोड ४० लाख ९५ हजार ७ सय ९६ रुपैया गरी जम्मा ५७ करोड ६१ लाख ६६ हजार ३ सय ५७ रुपैया सङ्घीय सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त भएको छ ।

<u>व्यय तर्फः</u>

- यस आर्थिक वर्षमा जनसंख्या, भौगोलिक र राजश्वको स्थिति लगायतका सूचकहरुको आधारमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णयानुसार सबै वडाहरुको लागि जम्मा ५ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

- पूर्वाधार विकासअन्तर्गत सङ्घ र प्रदेश सरकार समपूरक तथा विशेष अनुदानमा

| | |
|---|---|
| मन्पाङबेशी बुढाथुम आहालडाडा अधेरीखोला महालक्ष्मी भैसे डाडाँगाउँ, वडा नं. ६ र ७ (सङ्घ समपुरक साझेदारी) | २ करोड ४० लाख |
| डाडाँगाउँ फूलखर्क चापेधारा चण्डी माछापोखरी छेलाङ चिम्चोक तावल किचेत सडक स्तरोन्नती, गङ्गाजमुना गा.पा. (सङ्घ समपुरक साझेदारी) | १ करोड ७५ लाख |
| बगुवा सातदोबाटो माछापोखरी लुम्री खोला गुम्दी बर्दन चिम्चोक तप्राङखोला सडक स्तरोन्नती, वडा नं. ४ र ३ प्रदेश समपुरक साझेदारी) | २ करोड |
| खिरबोटे-महालक्ष्मी र चण्डेनी दलित बस्ती पोखरी भोर्ले सडक स्तरोन्नती, वडा नं.६ र ७ (प्रदेश समपुरक साझेदारी) | १ करोड ९० लाख |
| आखुखोला छिम्रुउ कुताल ताजिम्राङ देउरालीडाँडा सडक निर्माण, वडा नं.२ र १ (प्रदेश समपुरक साझेदारी) | १ करोड ८० लाख |
| डोबाजेत बदाङ घ्वाजु डाँडा पौवाडाँडा मैदान गङ्गाजमुना झरना फूलखर्क खानेपानी निर्माण, वडा नं. ५ | ६५ लाख |

ठूला तथा साना सडकहरुको स्तरोन्नति, खानेपानी संरचना र २ नं. स्वास्थ्य चौकी भवन निर्माण लगायतका लागि ११ करोड ७५ लाख बजेट विनियोजन गरेको छु। गाउँपालिकाबाट कार्यान्वयन हुने सम्पूर्ण योजनाहरु सञ्चालन तथा निर्माण पश्चात गरिने सार्वजनिक सुनुवाई कार्यक्रमलाई अनिवार्य गर्दै पार्दशिता, जवाफदेहिता, सामाजिक सहभागी र अपनत्वलाई कडाईका साथ लागु गरिनेछ । गाउँपालिकाभित्र कार्यान्वयन हुने योजनाहरुको अनुगमन तथा निरीक्षण प्रणालीलाई थप व्यवस्थित गर्दै ल्याव टेष्ट लगायत विभिन्न उपकरणहरुको प्रयोग गरी गुणस्तर परीक्षण गरी भुक्तानी गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाईनेछ ।

- त्यसै गरी शिक्षा तर्फ सङ्घीय विशेष अनुदानबाट गङ्गाजमुना गाउँपालिका भरि शैक्षिक गुणस्तर अभिबृद्धी विशेष कार्यक्रममा १ करोड ६५ लाख बजेट विनियोजन गरेको छु। गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुका अनुदान/नीजि स्रोत शिक्षक तलव तथा बाल विकास शिक्षक र विद्यालय सहायक कर्मचारी लगायतका शैक्षिक जनशक्ति व्यवस्थापन गर्नका १ करोड ६१ लाख बजेट विनियोजन गरेको छु । जस अन्तर्गत बाल विकास शिक्षकको तलब मासिक रु १७ हजार ५०० पुर्याईएको छ साथै विद्यालय कर्मचारीको तलब। निशुल्क शिक्षा अन्तर्गत बिद्यार्थीबाट भर्ना, मासिक, पाठ्य पुस्तक तथा परीक्षा शुल्क नलिने गरी आवश्यक बजेट विनियोजन गरेको छु। सबै वडामा सामुदायिक सिकाई केन्द्र स्थापना गरी अनौपचारिक शिक्षाको कार्यक्रमलाई ६ लाख ९० हजार बजेट विनियोजन गरेको छु। विषयगत समितिका शिक्षकहरुको क्षमता बृद्धि गर्न नमूना विद्यालय भ्रमण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

❖ यूवा तथा खेलकुद विकासका लागि १७ लाख बजेट विनियोजन गरेको छ । जस अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनको लागि १० लाख रकम विनियोजन गरेको छ। वडा स्तरीय खेलकुद विकास तर्फ रु ७ लाख बजेट विनियोजन गरेको छ ।

आदरणीय सभाका सभाध्यक्ष महोदय,

❖ गाउँपालिकाका भित्रका स्वास्थ्य संस्थाबाट प्रभावकारी र व्यवस्थित स्वास्थ्य सेवा प्रदान गर्नका लागि दरबन्दी बमोजिम नपुग भएका स्वास्थ्य संस्थामा करार सेवामा कर्मचारी पूर्ति गरी सेवा सञ्चालन गर्नका लागि ९० लाख बजेट विनियोजन गरेको छ। साथै सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स सेवा तथा सुत्केरी महिलाको ज्यान खतरा हुने अवस्थामा निःशुल्क हवाई उद्धार सेवालाई निरन्तरता दिएको छ र एम्बुलेन्स व्यवस्थापन कार्यमा सुधार गर्ने साथै स्वास्थ्य चौकीमा सुत्केरी हुने सुत्केरी आमा पोषण कार्यक्रम लगायत सरसफाईका सामाग्री प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ । साथै पिडित परिवार र भुकम्प तथा प्राकृतिक प्रकोपबाट घर पूर्ण क्षति भई हाल सम्म राहत पाउँन नसकेकाहरुका लागि राहत व्यवस्थापन गरिनेछ ।आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम अन्तर्गत नागरिक आरोग्य केन्द्र स्थापना गर्न रु १५ लाख बजेट विनियोजन गरेको छ । सम्पूर्ण स्वास्थ्य संस्थाहरुको आवश्यक मेशिनरी औजार, उपकरण खरिदको लागि रु १३ लाख ५० हजार बजेट विनियोजन गरेको छ । साथै गाउँपालिकामा स्थायी ठेगाना भएका दीर्घरोगीहरुलाई दीर्घरोगी उपचार खर्च वापत प्रदान गरिदै आएको बढीमा रु १५ हजार कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिदैं आवश्यक बजेट विनियोजन गरेको छ।उपभोक्ता हितलाई मध्यनजर राखी बजार अनुगमन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

❖ गाउँपालिकाबाट सम्पादन गरिने हरेक विकास निर्माण कार्य लगायत सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी सिद्धान्त अवलम्बन गरी सुशासन प्रवर्द्धन तथा संस्थागत विकासका लागि ५० लाख बजेट विनियोजन गरेको छ ।

❖ गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्था लगायतमा कार्यरत कर्मचारीहरुको उच्च मनोबल बनाई आफूलाई तोकिएको जिम्मेवारी तदारुकताका साथ बहन गर्न हौसला मिल्ने किसिमले आगामी आर्थिक वर्षमा पनि उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीहरुलाई सम्मान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।

❖ पर्यटन, कला, सांस्कृतिक प्रर्वद्धन गर्न ९० लाख बजेट विनियोजन गरेको छ । जसमा गाउँपालिकाको गौरवको आयोजना मध्ये ग्रिन ट्रेकिङ ट्रेललाई निरन्तरता दिई रु ६५ लाख विनियोजन गरेको छ ।पर्यटन प्रवर्द्धन तथा वडाहरुमा सञ्चालन गरिने विभिन्न धर्म, कला तथा संस्कृति कार्यक्रमलाई रु ७ लाख बजेट विनियोजन गरेको छ । गङ्गाजमुनामाई मन्दिर तथा मेला व्यवस्थापन गर्न गङ्गाजमुना क्षेत्र विकास कोषको लागि रु ९ लाख बजेट विनियोजन गरेको छ।

❖ त्यसैगरी आगामी आर्थिक वर्षमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ २० लाख बजेट विनियोजन गरेको छ । जस अन्तर्गत गङ्गाजमुना गाउँपालिकाका ७ वटै वडाका दलित, महिला, बालबालिका, ज्येष्ठ नागारिक, अपाङ्ग तथा लक्षित वर्गको क्षमता विकास कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छ । ज्येष्ठ नागरिक सम्मान कार्यक्रम तथा भ्रमण कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छ । साथै ४० वर्ष पुगेका एकल महिलाको संरक्षणका लागि रु ६ लाख बजेट विनियोजन गरेको छ । बुबा आमा विहिन बालबालिकाहरुको लागि शैक्षिक सामाग्री वितरणका लागि २ लाख बजेट विनियोजन गरेको छ । साथै अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री वितरण गर्न आवश्यक बजेट विनियोजन गरेको छ । देश र परिवर्तन र जनताका मुक्तिका खातिर जीवन आहुती गर्ने यस गाउँपालिकाका महान सहिदहरुको सम्झनामा सामाजिक संरचना, सहिद स्मारक निर्माण सुरुवातको लागि रकम विनियोजन गरेको छ।

आदरणीय सभाका सभाध्यक्ष महोदय,

❖ वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ४० लाख बजेट विनियोजन गरेको छ । जसमध्ये महामारी एवम् प्राकृतिक प्रकोपबाट हुने क्षतीलाई न्यूनीकरण गर्न र विभिन्न खाले पिडितहरुको लागि उद्धार तथा राहतको व्यवस्था गरिनेछ ।

❖ यस गाउँपालिकाको कृषि क्षेत्र तर्फ ५० लाख बजेट विनियोजन गरेको छ।जसमध्ये कृषि पेशातर्फ युवाहरुलाई प्रोत्साहन तथा उन्मुख बनाउन उत्पादनमा अनुदानलाई दिईनेछ । एक वडा एक पकेट क्षेत्रको अवधारणालाई अवलम्बन गर्दै युवा

रोजगारीको सिर्जना तथा कृषि व्यवसायको प्रवर्द्धन हुने कुरामा विश्वास लिएको छु । स्थानीय कृषि उत्पादनलाई बढावा दिन पक्की टनेल निर्माणको लागि रु ५ लाख विनियोजन गरेको छु ।

- पशु क्षेत्र तर्फ ४० लाख बजेट विनियोजन गरेको छु । जसमा औषधि, पशु स्वास्थ्य बीमा, पशु पकेट क्षेत्रमा लगानी गर्न आवश्यक बजेट विनियोजन गरेको छु । स्थानीय बासिन्दाको चाहाना अनुरुप सबै वडामा लोकल कुखुरा प्रवर्द्धन गर्नको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम न्यायिक समितिको अधिकारक्षेत्र भित्र पर्ने कार्यहरुलाई सामाजिक न्यायिक तवरले सम्पादन गर्न मेलमिलाप पद्धतिलाई अवलम्बन गरी थप प्रभावकारी बनाउन एवम् कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्न तथा मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गर्ने लागायतका कार्यक्रमहरुलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरको छु ।

आदरणीय सभाका सभाध्यक्ष एवम् सभाका सदस्यज्यूहरु,

- यस आर्थिक वर्ष ०८२/०८३ को नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव सल्लाह तथा निर्देशन प्रदान गरी सहयोग गर्नुहुने जिल्ला समन्वय समितिका प्रमुख ज्यू, गाउँपालिकाका अध्यक्षज्यू, वडाका जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सामाजिक व्यक्तित्व, बुद्धिजीवी समूह, कर्मचारी साथीहरु, शिक्षक वर्ग, सुरक्षा निकाय, नागारिक समाज, सम्पूर्ण करदाता तथा गाउँपालिकाबासीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।
- यसै गरी नीति, कार्यक्रम तथा बजेटको प्रस्ताव तर्जुमा प्रक्रियामा निरन्तर कार्य गर्ने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समितिका पदाधिकारीहरु लगायत तयारीमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

यस गरिमामय गाउँ सभामा तपशिल बमोजिमका विधेयकहरु प्रस्तुत गर्दछु ।

तपशिल

क. गङ्गाजमुना गाउँपालिकाको आ.व. २०८२/०८३ को सेवा र कार्यहरुका लागि संचित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधयेक, २०८२

ख. गङ्गाजमुना गाउँपालिकाको आर्थिक विधयेक, २०८२

अन्तमा,

कार्यक्रमको सफल कार्यान्वयनमा समुदाय, जनप्रतिनिधि तथा कर्मचारीहरुको ज्यादै ठूलो भूमिका रहेको हुन्छ । तसर्थ गाउँपालिकाले घोषणा गरेका कार्यक्रमहरुमा गाउँपालिकाबासीहरुले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुग्ने, पुर्‍याउने अपेक्षा लिएको छु । योजना तथा कार्यक्रमको सफल कार्यान्वयनबाट गाउँपालिकाले प्रदान गर्ने सेवामा गुणात्मक सुधार ल्याई सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । यसबाट भविष्यमा स्थानीय सरकारलाई तुलनात्मक रुपमा सुदृढ, व्यवस्थित, सक्षम बनाउन सकिने विश्वास लिएको छु । आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनमा जनप्रतिनिधि, गाउँपालिकाबासी, राजनीतिक दलका प्रतिनिधिहरु, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, कर्मचारी लगायत सबैबाट सहयोगको अपेक्षा गर्दै सबल, सक्षम, समृद्ध र न्यायपूर्ण गाउँपालिका निर्माणमा आ-आफ्नो ठाउँबाट सक्दो योगदानका साथ सहयोग पुर्‍याउन हुन हार्दिक आव्हान तथा अनुरोध गर्दछु । धन्यवाद ।

प्रस्तुतकर्ता:
रामेश्वर सिम्खडा
उपाध्यक्ष
गङ्गाजमुना गाउँपालिका, धादिङ